# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, असोज ०८ गते, २०८१ साल (संख्या ७


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः** कोशी प्रदेश सरकारको नीति, कार्यक्रम र कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी, जनताको चासो, गुनासो तथा सार्वजनिक सरोकारका विषयमा कोशी प्रदेशमा भएका सञ्चारका माध्यमबाट जनतालाई सुसूचित गर्ने उद्देश्यले जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन गर्न आवश्यक कानूनी प्रवन्ध गर्न सोसँग सम्बन्धित कार्यविधि आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा २ को अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषद्ले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(ख) "मुख्यमन्त्री" भन्नाले कोशी प्रदेश सरकारका मुख्यमन्त्रीलाई सम्झनु पर्छ ।

(ग) "मन्त्री" भन्नाले कोशी प्रदेश सरकारका मन्त्रीलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख सचिव" भन्नाले कोशी प्रदेश सरकारका प्रमुख सचिवलाई सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले कोशी प्रदेश सरकारका सचिवलाई सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्छ।

(छ) "सञ्चार माध्यम" भन्नाले यस कार्यक्रमको प्रयोजनका लागि प्रचलित संघीय वा प्रादेशिक कानून बमोजिम स्थापित भै

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

सञ्चालनमा रहेको एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिकालाई जनाउँछ।

(ज) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चार माध्यममार्फत सञ्चालन, प्रसारण वा प्रकाशन हुने जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले खण्ड (छ) बमोजिमको सञ्चार माध्यम सञ्चालन गर्ने संस्था सम्झनु पर्छ।

(ञ) "सफ्ट डिभाइस" भन्नाले उपकरणहरू जस्तै पेन ड्राइभ, सिडि लगायतका अन्य बिद्युतीय उपकरणहरू सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

३. **कार्यक्रम उत्पादन सम्वन्धी व्यवस्था:** (१) न्यूनतम लागत अनुमान तयार गरी शर्तहरुको आधारमा नेपाल टेलिभिजन तथा रेडियो नेपालसँग प्रस्ताव माग गरी दुईपक्षीय सम्झौताका आधारमा सेवा खरिद गरी कार्यक्रम उत्पादन गरिनेछ।

(२) कार्यक्रम उत्पादनका लागि कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रमको भावना एवम् मर्मअनुरुपको विषयवस्तु छनौट, अध्ययन अनुसन्धान गरी कार्यक्रमको फिल्ड संयोजन र निर्माण एवम् निर्देशनको साथै स्थलगत रिपोर्टिङ्ग समेतको कार्य गर्न नेपाल टेलिभिजन र रेडियो नेपालले आवश्यक जनशक्ति आफैं व्यवस्था गर्नुपर्नेछ।

(३) नेपाल टेलिभिजन र रेडियो नेपालले कार्यक्रमको छायाँङ्कन तथा रेकर्डिङ्गका क्रममा कोशी प्रदेशका विभिन्न जिल्लाका विभिन्न स्थानमा रहेका कार्यालयसँग समन्वय गरी कार्यक्रम उत्पादन गर्नुपर्नेछ।

(४) स्टुडियोमा कार्यक्रम रेकर्डिङ्ग तथा उत्पादन गर्नुपरेको अवस्थामा समेत स्थलगत रिपोटिङ्गलाई समान प्राथमिकता दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. **कार्यक्रम प्रसारण सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम प्रसारण समय देहाय बमोजिम हुनेछः

(क) टेलिभिजन कार्यक्रमको हकमा न्यूनतम ३० मिनेटदेखि अधिकतम ६० मिनेट।

(ख) रेडियो कार्यक्रमको हकमा न्यूनतम १५ मिनेटदेखि अधिकतम ६० मिनेट।

(२) टेलिभिजन कार्यक्रम तथा रेडियो कार्यक्रम उत्पादक संस्थाले आफ्नो प्रसारण संस्थामार्फत हरेक महिना कार्यलयसँग सम्झौता भए वमोजिमको मिति र समयमा उत्पादित कार्यक्रम प्रसारण गर्नुपर्नेछ।

(३) प्रसारण गर्ने संस्थाले आफ्नो अनुकुल हुनेगरी उक्त कार्यक्रमलाई अतिरिक्त शुल्क नलाग्ने गरी तोकिएको दिन वाहेक अन्य समयमा समेत प्रसारण गर्न सक्नेछ।

(४) उत्पादित कार्यक्रम प्रसारण गर्नुपूर्व कार्यक्रम उत्पादन गर्ने संस्थाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सफ्ट डिभाईसमा कार्यक्रम पेश गरी प्रसारण अनुमति लिनुपर्ने छ ।

(५) प्रसारणको अनुमति प्राप्त सामग्रीलाई मात्र सम्बन्धित संस्थाले प्रसारण गर्नुपर्नेछ।

(६) कार्यक्रम अन्तर्गत उत्पादित श्रव्यदृष्यसँग सम्बन्धित टेलिभिजन कार्यक्रम र रेडियो प्रसारण सम्बन्धी कार्यक्रम प्रत्येक महिना फरक फरक समयमा प्रसारण गर्नेगरी सम्बन्धित संस्थाहरुसँग प्रस्ताव आह्वान गरिनेछ।

(७) प्रसारण गरिने टेलिभिजन कार्यक्रमको उत्पादित सामग्री र प्रसारण गर्ने शर्तहरु कार्यालयले सम्बन्धित संस्थासँग गरेको सम्झौतामा उल्लेख भएवमोजिम हुनेछ ।

(८) रेडियो तथा एफ.एम.वाट प्रसारण गरिने रेडियो कार्यक्रमको उत्पादित सामग्री प्रसारण गर्ने शर्तहरु कार्यालयले सम्बन्धित संस्थासँग गरेको सम्झौतामा उल्लेख भएवमोजिम हुनेछ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(९) जनतासँग कोशी प्रदेश सरकार कार्यक्रमको माध्यमवाट उत्पादित सामाग्रीका सम्बन्धमा जनसरोकार र आफूसँग सम्बन्धित विषयको जवाफदेहीता सम्बन्धित मन्त्रालयमा रहनेछ।

५. **सुचीकृत सम्वन्धी व्यवस्थाः** यो कार्यविधि प्रारम्भ भएपश्चात समितिले उत्पादित कार्यक्रमको प्रसारण वा प्रकाशन गर्न देहायका कागजात समेतका आधारमा सुचीकृत हुने व्यवस्था मिलाउनेछ।

(क) सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) कार्यक्रम प्रसारण वा पत्रपत्रिका प्रकाशन गर्ने इजाजतपत्र नवीकरणको प्रतिलिपि,

(घ) नियमित प्रसारण प्रमाणपत्र (लाइसेन्स)

६. **समिति सम्बन्धि व्यवस्थाः** (१) कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशनको प्रभावकारी सञ्चालन र अनुगमनका लागि देहाय बमोजिमको एक समिति रहनेछ।

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखा प्रमुख - संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको सञ्चार बिषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार शाखा प्रमुख -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको उपसचिव/बरिष्ठ उपसचिव प्रतिनिधि -सदस्य

(ङ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खरिद ईकाई प्रमुख -सदस्य सचिव

(२) समितिले एक जना बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम उत्पादनका लागि सम्बन्धित संस्थाहरूसँग सम्झौता लगायतका अन्य व्यवस्थापन गर्ने।

(ख) कार्यक्रम प्रसारण र प्रकाशनका लागि सञ्चार माध्यमलाई सूचिकृत हुन सूचना आव्हान गर्ने।

(ग) दफा ५ अनुसार सूचिकृत हुने सञ्चार माध्यमको थप मापदण्ड निर्धारण गर्न सक्ने।

(घ) कार्यक्रमको प्रचार प्रसार गर्नका लागि कोशी प्रदेशभित्रका पत्रपत्रिकालाई सूचना प्रकाशन गर्न दिने।

(ङ) समितिले कार्यक्रमको प्रभावकारीता स्थलगत रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न १ जना बिषय बिज्ञलाई कार्यविवरण सहित तोक्न सक्नेछ।

(च) विषय विज्ञलाई कार्यविवरण बमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्न लगाई मूल्याङ्कन गर्ने।

(छ) मूल्याङ्कन पश्चात तोकिए बमोजिमको रकम भुक्तानीका लागि सिफारिस गर्ने।

(ज) यस कार्यविधि बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अन्य कार्य गर्ने ।

८. **सम्झौता र कार्यदिशः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम प्रसारण वा प्रकाशनका लागि स्वीकृति प्राप्त गरेका संस्थाले कार्यालयसँग प्रचलित कानून वमोजिम सम्झौता गरी कार्यादेश अनिवार्य रुपमा लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौतामा प्रसारण र प्रकाशन सम्बन्धी सर्तको पालना अनिवार्य रुपले गर्नु सम्बन्धित प्रसारक संस्थाको दायित्व हुनेछ।

(३) सम्झौता वमोजिम कार्यक्रम प्रसारण वा प्रकाशन गर्नुपर्ने संस्थाहरुले सम्झौता अनुसारको कार्य गर्न नसकेमा त्यस्ता संस्थाहरुलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कार्यालयले प्रचलित कानून वमोजिम जरीवाना तथा अन्य कारवाही गर्न सक्नेछ ।

९. **रकमको भुक्तानीः** (१) कार्यालयसँग भएको सम्झौता र कार्यादेश बमोजिम कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशन गर्ने संस्थाले कार्यक्रम उत्पादन, प्रसारण वा प्रकाशन भएको प्रमाण सहितको विल विजक कार्यालयमा पेश गरेपछि समितिको सिफारिसमा प्रचलित कानून बमोजिमको कर कट्टा गरी बाँकी रकम सम्बन्धित संस्थाको बैङ्क खातामा भूक्तानी गरिनेछ।

(२) कार्यक्रम उत्पादनमा लागेको खर्च बाहेकको रकमको पाँच प्रतिशत हुन आउने रकम, समितिको निर्णय बमोजिम प्रशासनीक कार्यमा खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) वमोजिमको रकम भूक्तानी गर्दा प्रत्येक वर्ष विनियोजन ऐनमा कार्यक्रमका लागि विनियोजित वजेटबाट रकम भुक्तानी गरिनेछ।

१०. **सम्झौता रद्द हुनसक्नेः** (१) दफा (८) बमोजिमको सम्झौतामा तोकेको शर्त बमोजिम कार्यक्रम उत्पादन र प्रसारण वा प्रकाशन नगरेमा त्यस्तो संस्थासँग कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

तर त्यसरी सम्झौता खारेज गर्नु अघि सम्बन्धित संस्थालाई एकपटक सुनुवाइको मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गरिएको संस्थाले जति वटा कार्यक्रम उत्पादन र प्रसारण वा प्रकाशन गरेका छन् सो वरावरको रकम भूक्तानी दिन वाधा पर्नेछैन।

११. **सेवा खरिद कार्य प्रचलित कानून अनुसार हुनेः** (१) यस कार्यविधिमा उल्लेख गरिएको व्यवस्था यसै वमोजिम र सो वाहेकका व्यवस्थाहरु सार्वजनिक खरीद ऐन (संशोधन सहित), २०६३ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ वमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) सेवा खरिद सम्बन्धी कार्यको जिम्मेवारी खरिद इकाइको हुनेछ।

१२. **निर्देशन दिन सक्नेः** यस कार्यविधि बमोजिम कार्यालयले कार्यक्रम उत्पादन, छायाँङ्कन र प्रसारण वा प्रकाशनका लागि सम्झौता भएका संस्थाहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **खारेजी र बचाउः** (१) यो कार्यविधि प्रारम्भ भएपछि यस अघि जारी भएको जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वतः खारेज हुनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि कार्यान्वयनमा रहेको जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कार्यवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

स्वीकृत मिति : २०८१।०६।०८
प्रकाशन मिति : २०८१।०६।२१

आज्ञाले,
विष्णु प्रसाद पौडेल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np